# नेपाल सरकार
# राष्ट्रिय योजना आयोगको सचिवालय
## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले रुपन्देही जिल्लामा निर्माणाधिन राष्ट्रिय गौरवका आयोजनाहरु गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र लुम्बिनी विकास कोष अन्तर्गतका निर्माण कार्यको अनुगमन गर्नुभयो । पौष ७ र ८ गते गरिएको अनुगमनको सिलसिलामा माननीय उपाध्यक्षज्यूले दुवै आयोजनाको स्थलगत निरीक्षण गरी सम्बन्धित आयोजनाका पदाधिकारीहरुसँग हालसम्मको प्रगतिको अवस्था, आयोजनाले भोग्नु परेका समस्या, आयोजना सम्पन्न हुने सम्भावित अवधि लगायतका विषयमा जानकारी लिनु भएको थियो । यसका साथै उहाँले आयोजनाको लक्षित गुणस्तर समेत कायम हुने गरी निर्धारित समय भित्रै कार्य सम्पन्न गर्न दुवै आयोजना सम्वद्ध पदाधिकारीहरुलाई निर्देशन दिनुभएको थियो ।




*माननीय उपाध्यक्षज्यू निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको कर्मचारी तथा निर्माण कम्पनीका पदाधिकारीसँग अन्तर्क्रिया गर्नु हुँदै ।*

अनुगमनको क्रममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाका आयोजना प्रमुखले सो आयोजनाको हालसम्मको भौतिक प्रगति २६ प्रतिशत रहेको र आगामी सन् २०१८ को जुन सम्ममा सम्पन्न गर्नुपर्ने गरी चिनीयाँ निर्माण कम्पनी Northwest Civil Aviation Airport Construction Group लाई म्याद थप गर्ने काम अघि बढेको व्यहोरा जानकारी गराउनु भएको थियो । यसैगरी आयोजना प्रमुखले आवश्यक निर्माण सामग्री (रोडा, ढुङ्गा, गिटी) को आपूर्ति पर्याप्त मात्रामा नभएको, उचित मुआव्जा र बसोबास स्थानान्तरणको व्यवस्था गरी जग्गा प्राप्ति गर्न

चुनौति रहेको र आयोजना निर्माण स्थलमा नियमित विद्युत आपूर्ति हुन नसकेको लगायतका समस्याहरु रहेको व्यहोरा अवगत गराउनु भएको थियो । माननीय उपाध्यक्षज्यूले आयोजना समयमै सम्पन्न गर्नका लागि आयोजनासम्वद्ध कर्मचारी, निर्माण व्यावसायी, स्थानीय निकाय लगायतका सरोकारवाला सबैले प्रयास गर्नुपर्ने र आवश्यक नीतिगत निर्णय तथा अन्तरनिकायगत समन्वयका लागि राष्ट्रिय योजना आयोगले सदैव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै विशेषतः निर्माण ठेक्का लिएको कम्पनीलाई द्रुत ढंगबाट निर्माण कार्य अघि वढाउन निर्देशन दिनु भएको थियो ।



*माननीय उपाध्यक्ष निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको स्थलगत निरीक्षण गर्नु हुँदै ।*

लुम्बिनी विकास कोष गुरुयोजना अन्तर्गतका निर्माण कार्यहरुको अनुगमनको क्रममा हालसम्म ७२ प्रतिशत भौतिक प्रगति भएको र आगामी ५ वर्षसम्मको लागि रु. ५ अर्ब ९० करोड खर्च गर्ने कार्यक्रम रहेको जानकारी सो कोषका सम्बन्धित कर्मचारीहरुबाट प्राप्त भएको थियो । कोषका चार जना सदस्यहरुको पद रिक्त रहेकोले कोषको संरचनामै समस्या रहेको, ज्यालादारीका कर्मचारीहरुको संख्या धेरै रहेकोले पटकपटक उनीहरुको गुनासो र अवरोधले काममा वाधा परेको जस्ता समस्याहरु व्याप्त रहेको जानकारी प्राप्त भएको थियो । माननीय उपाध्यक्षज्यूले बाँकी काम समयमै सम्पन्न गर्न आवश्यक पर्ने समन्वय र सहजिकरणका लागि राष्ट्रिय योजना आयोगले सदैव सहयोग गर्ने, काम समय भन्दा अगावै सम्पन्न गरी थप रकम आवश्यक भई माग गरेमा उपलव्ध गराउन पहल गर्ने विषय उल्लेख गर्नुका साथै काम सम्पन्न गर्न नतिजा उन्मुख भएर लाग्न सुझाव दिनु भएको थियो । त्यसपछि माननीय उपाध्यक्षज्यूबाट लुम्बिनी परिसरमा निर्माण भइरहेका भौतिक संरचनाहरुको स्थलगत अवलोकन समेत गरी जानकारी लिने कार्य सम्पन्न भएको थियो ।

पौष ७ गते नै माननीय उपाध्यक्षज्यूबाट रुपन्देही जिल्लास्थित कार्यालयका प्रमुखहरुको बैठकलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूको सम्वोधनमा समेटिएका कार्यक्रमहरु सम्पन्न गरी पूँजीगत खर्चतर्फका कार्यहरुमा ८० प्रतिशत भन्दा माथि प्रगति हासिल गर्न र यसका लागि बजेट, जनशक्ति आपूर्ति, निरन्तर अनुगमन तथा वाधा अड्चन

फूकाउनका लागि सम्बन्धित सबै निकायले पहल गर्नुपर्ने कुरा वताउनु भएको थियो । स्थानीय समस्याको आपसी समन्वयबाट टुङ्गो लगाउन, प्रक्रियालाई भन्दा नतिजालाई जोड दिएर सेवा प्रवाह गर्न, वातावरण संरक्षण र विकास दुवैलाई उचित ढंगले सम्वोधन हुने गरी विकास कार्य सञ्चालन गर्न, स्थानीय निकायले निर्माण सामग्री आपूर्ति सहज वनाउने कार्यमा पहल गर्न र यसका लागि सुरक्षा निकायले सहयोग गर्न निर्देशन दिनु भएको थियो ।




*माननीय उपाध्यक्षज्यू रुपन्देहीका कार्यालय प्रमुखहरुको बैठकमा सहभागी हुनु हुँदै ।*

यसैगरी सिद्धार्थनगर उद्योग वाणिज्य संघका पदाधिकारीहरुसँगको अन्तर्क्रियामा माननीय उपाध्यक्षज्यूबाट निजी क्षेत्रले रुपन्देही जिल्ला र समग्र देशको आर्थिक सामाजिक विकासका लागि महत्वपूर्ण योगदान दिन सक्ने, यसका लागि व्यावसायीहरुले व्यापार (आयात निर्यात) मा मात्र जोड नदिई उत्पादन उद्योगमा अझै वढि संलग्नता जनाउनु पर्ने विषय उल्लेख गर्नु भएको थियो । सेजको सञ्चालनमा विशेष जोड दिनु हुँदै माननीय उपाध्यक्षज्यूले यससँग के कस्ता समस्या रहेका छन् र कस्तो सुधारको आवश्यकता छ भन्ने विषयमा व्यावसायीहरुसँग चासो राख्नु भएको थियो । व्यावसायीहरुले सेज सञ्चालनमा विद्युत आपूर्ति र उद्योग सञ्चालनमा आउनु पूर्व नै तिर्नुपर्ने भाडा मुख्य वाधक रहेको कुरा उल्लेख गर्दै नियमित उच्च भोल्टेजको विद्युत आपूर्तिको व्यवस्था मिलाउन र उद्योग निर्माण अवधिको भाडा छुट दिई सञ्चालनमा आएपछि मात्र लागु गर्न अनुरोध गरेका थिए ।




*माननीय उपाध्यक्षज्यू  सिद्धार्थनगर उद्योग वाणिज्य संघका पदाधिकारीहरुसँग अन्तर्क्रिया गर्नु हुँदै ।*

पौष ८ गते माननीय उपाध्यक्षज्यूले राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय स्वयंसेवक सेवाबाट खटिएका स्वयंसेवकहरु समेत संलग्न भई सेवा प्रवाह गरिरहेका रुपन्देहीका फरेना र मैनहिया स्वास्थ्य चौकीहरुको स्थलगत निरीक्षण गरी स्वयंसेवकहरुको कार्यसम्पादनको अवस्थाबारे जानकारी लिनु भएको थियो । उहँले निरीक्षणका क्रममा स्वास्थ्य चौकीहरुको सेवा प्रवाहको अवस्था, उनीहरुले भोगिरहेका समस्याहरु र स्वयंसेवकहरुले पुर्‍याइरहेको सहयोगको बिषयमा चासो राख्नु भएको थियो ।

उल्लिखित अनुगमनको कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशकद्धय शिवराज चौलागाई र यदुनाथ आचार्य समेत संलग्न रहनु भएको थियो ।

२०७३/९/११
राष्ट्रिय योजना आयोग